परिवर्तनको लागि
# क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

क्राईम अपरेशन साप्ताहिक पत्रिको इ-पेपर www.crimeoperation.com.np मा लगइन गरी हेर्न सम्पूर्ण महानुभाव हरुमा हार्दिक अनुरोध गरिन्छ । सम्पादक

❑ वर्ष १० ❑ अंक ७ २०७८ भदौ २० गते आईतवार Sunday 5, SEP 2021 ❑ पृष्ठ: ६, ❑ मूल्य रु. १०/-

## औषधी उपचारमा ठगी गर्ने पाँच विचौलिया पक्राउ

बिराटनगर । विरामीको आफन्तलाई कोशी अस्पताल लगायतका अन्य अस्पतालमा उपचार राम्रो नभएको भन्दै अन्य नीजी अस्पतालमा उपचार गर्ने प्रेरित गर्ने विचौलियाहरुलाई प्रहरीले नियमित रुपमा पक्राउ गरी रहेको छ । सोही क्रममा पनु ५ जना विचौलीयालाई प्रहरीले पक्राउ गरेको छ ।

घटनाको विवरण अनुसार जिल्ला मोरङ विराटनगर महानगरपालिका अन्तर्गत विभिन्न अस्पतालहरूमा उपचार गराउन आएका विरामी तथा विरामीका आफन्तहरूलाई भेटी "यहाँ डक्टर राम्रो छैन, यो अस्पतालमा कोरोना धेरै छ, उपचार राम्रो छैन" भन्ने जस्ता अफवाह फैलाई विरामी तथा आफन्तहरूलाई झुक्यानमा पारी आफ्नो सम्पर्कमा भएको अस्पताल वा क्लिनिकमा उपचारको लागि प्रेरित गर्नेहरुलाई पक्राउ गरेका हो ।

पक्राउ पर्नेहरुमा जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ८ बस्ने बर्ष २१ को सुनिल राय, वडा नं. ११ बस्ने बर्ष २२ को रोहित साह, बर्ष २० को विवेक साह, जिल्ला सुनसरी ईनरूवा नगरपालिका वडा नं. १ बस्ने बर्ष २० को विनोद मेहता र जिल्ला सप्तरी राजविराज नगरपालिका वडा नं. ९ बस्ने बर्ष २३ को सारन्स कुमार चौधरी रहेका छन् ।

तीनीहरुले सम्पर्कमा भएको फार्मेसीमा औषधी किन्न वाध्य गराउने विचौलीयाको कार्य गरी सर्वसाधारण नागरिकलाई दुःख हैरानी दिने लगायतको अभियोग लागेका छन् । यस यघिपनि डेढ दर्जन जतिलाई सोही अभियोगमा प्रहरीले पक्राउ गरी सकेको छ ।

यस्तो किसिमको ब्यवहारबाट अन्य कोही पनि पीडित हुनु भएको छ वा हुन गई रहेको थाहा भएमा जिल्ला प्रहरी कार्यालय मोरङमा सम्पर्क गर्नु हुन समेत अनुरोध गरिएको छ । गर्न जिल्ला प्रहरी कार्यालय मोरंगले अनुरोध समेत गरेको छ ।

## देवभूमि ग्रुपअफ एजुकेशन सेन्टर खोलेर विदेश पठाउने नाममा लाखौं ठगी, यूवाहरू विच्चलीमा

बिराटनगर । देवभूमि ग्रुपअफ एजुकेशन सेन्टर खोलेर यूवाहरुलाई विदेश पठाईदिने नाममा लाखौका ठगी गरी यूवाहरुलाई विचल्लीमा पार्ने एक जनालाई खोज्दै दर्जनौ यूवाहरुले उनको विराटनगर स्थित घर घेराउ गरेका थिए ।

प्रदेश नं. १ को उदयपुर र प्रदेश नं. २ को सिरहावाट दर्जनौ यूवाहरुले बसभाडा गरी भाद्र १२ गते बिराटनगर महानगर पालिका वडा नं. १२ स्थित महेन्द्र मोरंग आदर्श बहुमुखी क्याम्पसको दक्षिण पट्टी रहेको घर घेराउपछि ठगी गरेकाको रहस्य खुलेको हो ।


बैदेशिक रोजगारी र अध्ययनका नामका ठगीएका सिरहाका यूवाहरु । फोटो श्याम सुन्दर सुतिहार

सप्तरी जिल्लाको साविक पातो भूतही गाउँ विकास समिति वडा नं. ९ स्थायी बसोवास भएको विजय कुमार यादवले उदयपुरको गाईघाट र सिरहाको मिर्चैया बजारमा देवभूमि ग्रुपअफ एजुकेशन सेन्टर खोलेर कसैलाई रोजगारीमा र कसैलाई अध्ययनको लागि बिदेश पठाई दिने नामा करीब २ सय यूवाहरुलाई ठगी गरी १ करोड ५० लाख लिएर वेपत्ता भएको यूवाहरुले आरोप लगाएका छन् ।

यादवलाई खोज्दै आएको उदयपुरको त्रियुगा नगरपालिका वडा नं. १४ बस्ने हेमन्त लामेछानेले भने कोरीया पठाई दिन्छु भनी मसंग २ लाख ५० हजार लिएको छ म जस्तै दर्जनौ यूवाहरुको पैसा ठगी गरी भागेको यादवलाई खोज्दै यूवाहरु भौतारी रहेको वताए ।

त्यसैगरी सिरहाको मिर्चैया नगरपालिका वडा नं. ३ बस्ने नागेश्वर महरालाई यूके पठाईदिने नाममा पठक-पटक गरी ८ लाख ३० रुपैया र १ थान ल्यापटप ठगी गरी फरार भएको महराले आरोप लगाएको छ ।

लामेछानी र महरा मात्रै नभएर सिरहा मिर्चैया बजारका भोगेन्द्र यादव लगायत दुईसय यूवाहरुलाई ठगी गर्ने यादव आफ्नो घर कसैलाई विराटनगर, कसैलाई जनकपुर र कसैलाई राजविराज रहेको वताएका थिए ।

दर्जनौ यूवाहरुले यादवको विराटनगर स्थित घर पत्ता लगाएर घेराउ गरेका थिए । तर यादव घरमा फेला नपरेपछि रित्तोहात यूवाहरु घर फर्किदै अब प्रहरीको साहयता लिएर कानुनी उपचारमा जाने यूवाहरुले बताएका थिए ।

## रेयूकाईद्धारा विभिन्न जातको विरुवा रोपि

बिराटनगर । नेपाल रेयूकाई केन्द्रीय कार्यालय काठमाडौं र विराटनगर क्षेत्रका सदस्यहरुको सहयोग तथा सहकार्यमा विभिन्न जातिका विरुवाहरु रोपेका छन् ।

विराटनगर महानगर पालिका वडा नं. ११ स्थित जनपथ माध्यमिक विद्यालयको प्रागणमा एक कार्यक्रमको आयोजना गरी नेपाल रेयूकाई केन्द्रीय कार्यालय काठमाडौं र विराटनगर क्षेत्रका सदस्यहरुको सहयोगमा विश्व शान्तिका १ सय भन्दा वढी फलफूलका विरुवा रोपेको हो ।



वृक्षा रोपन कार्यक्रमका प्रमुख अथिथी विराटनगर महानगर पालिका वडा नं: ११ का वडाअध्यक्ष तिथ्रेन्द्र न्यौपानेले वृक्षा रोपन कार्य निकै नै सराहनीय भएको भदै नेपाल रेयूकाई परिवारका सदस्यहरुलाई धन्यवाद दिएका थिए ।

नेपाल रेयूकाईका केन्द्रिय सदस्य पवन उपाध्यायले रेयूकाईका द्वय संस्थापक ओन्सी काकुतारो कुबो र ओन्सी किमी कोतानीले यस संसारमा प्रतिपादन गर्नुभएको महान, रेयूकाई शिक्षालाई कार्यान्वयन गरी विश्व शान्ति निमार्णमा योगदान पुऱ्याउन सवैमा आग्रह गरेका थिए ।

रेयूकाई शिक्षाले समाज र राष्ट्रप्रति कृतज्ञता फर्काउने उदे्श्यले रेयूकाई शिक्षाको अभ्यास र आवशयक क्षेत्रमा सामाजिक सेवा मार्फत योगदान पुऱ्याउने काम नेपाल रेयूकाईले गर्दै आईरहेको नेपाल रेयूकाई विराटनगर क्षेत्रका प्रमुख सदस्य नागेश यादवले वताए । उहाँले यस महान अभियानमा जुटन सवैलाई

वांकी अन्तिम पेजमा...

भर्ना खुल्यो भर्ना खुल्यो
CTEVT बाट सम्बन्धन प्राप्त N.I.T. बिराटनगरमा
न्यूनतम SLC/SEE उतीर्ण विद्यार्थीहरूको लागी १८ महिने कार्यक्रममा भर्ना खुल्यो
Pre-Diploma in Computer Engineering (I.T)
फारम भर्ने अन्तिम मिति: २०७८ भाद्र २३ गते सम्म
नेशनल इन्स्टिच्यूट अफ् टेक्नोलोजी (N.I.T.)
अच्यूत मिल, बरगाछी, बिराटनगर-४
फोन नं.: ०२१-४६०३३१, ९८१९३४९१२२, ९८०२७५४१५०
९८५२०२८४१५, email: nitbrt@gmail.com
ONLINE फर्मको लागि माथि दिएको Link मा Click गर्नुहोस ।

ARNIKO A.S. SCHOOL BIRATNAGAR
ARNIKO
AWASIYA SECONDARY SCHOOL
+2 SCIENCE & MANAGEMENT PROGRAMS
www.arnikofoundation.edu.np arniko470149@gmail.com
+2 SCIENCE
COM.SCIENCE
MANAGEMENT
HOTEL MANAGEMENT
COM. MANAGEMENT
CONGRATULATIONS TO FUTURE DOCTORS
यसबर्षको MBBS प्रवेश परीक्षामा ऐतिहासिक सफलता प्राप्त गरि 13 जना विद्यार्थी पूर्ण छात्रवृत्तिमा नाम निकाल्न सफल भएकोमा उत्तीर्ण विद्यार्थी सहित सम्पूर्ण अरनिको परिवारलाई हार्दिक बधाई ज्ञापन गर्दछौं ।




A college with a difference ...
अरनिको आवाशीय मा बि
तीन टोलिया, बिराटनगर
021-470149, 021-470822 नोटिस बोर्ड: 1618-021-470149
Arniko College, Biratnagar
नोट : कक्षा ११ को आवेदन फारम खुलेको जानकारी गराइन्छ ।

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक
मो.जि.प्र.का.द.नं. २४८/०६९/७०
हुलाक निर्देशनालय.बिराटनगर द.न. ०४/०७७/०७८

# आर्थिक अनियमितत्ता विरुद्ध बुद्धीजीव परिषद्

हिरालाल साह

बिराटनगर। आर्थिक अनियमितता विरुद्धमा भएको एक दिने कार्यशाला गोष्ठीका सहभागीहरुले भ्रष्टाचारको मुल जड राजनीतिक दलहरु भएकोले दलहरु नसुध्रिए सम्म आर्थिक पारदर्शिता नहुने निचोड निकालेका छन्।

उक्त कुरा शुक्रबार नेपाल बुद्धिजीवी परिषदले नेपाल पत्रकार महासंघ मोरंग शाखाको हलमा आर्थिक अनियमितता र सरोकार वालाहरुको दायित्व सम्बन्धि एक कार्यशाला गोष्ठीका सहभागीले निचोड निकालेको हो।

एकीकृत समाजवादी पार्टीका केन्द्रीय सदस्य महेश रेग्मीले भ्रष्टचार नितिगत र प्रबृत्तिगत भएकोले समस्या बढेको बताए। त्यसको लागि निर्वाचनमा हुने अत्यधिक खर्चको कारण सहि प्रतिनिधि चयन नहुने अनि भ्रष्टचार प्रणालीमा डुबेका व्यक्तिहरु निति निर्माण गर्ने ठाउँमा पुग्ने गरेकोले निर्वाचन प्रणालीमा दोष रहेको बताए।

नागरिकले पनि त्यस्तालाई समाजबाट बहिष्कार गर्नुपर्नेमा जोड दिनुकासाथै रेग्मीले महालेखा परीक्षक (मलेप) को प्रतिवेदन कार्यान्वयन गराउन आफूहरु तल्लो तहबाट लागिपर्ने भन्दै राजनीतिक दल सुध्रिनुपर्ने साथै आफ्नो पार्टीको सरकारलाई पनि सचेत गराउने प्रतिबद्धता जाहेर गरेका थिए।

माओवादी केन्द्रका केन्द्रीय सदस्य तथा राष्ट्रियसभा सांसद गोपीबहादुर अछामीले बेरुजु फर्छोट गर्न र अनियमिता असुल उपर गराउन अनि भ्रष्टचार गर्नेहरूलाई कारबाही गराउन अब जनस्तरबाट भण्डाफोर अभियान थाल्नुपर्ने वताए।

सार्वजानिक निकायमा हुने अनियमिता र भ्रष्ट्राचार नियन्त्रणका लागि महालेखा परीक्षक (मलेप) को प्रतिवेदन कार्यान्वयन हुनुपर्ने सरकार र राजनैतिक दलहरुलाई नागरिक समाजले चर्को खबरदारी गर्नुपर्ने धारणा सहभागीहरुले राखेका छन्।मलेपले वर्षौंदेखि सार्वजनिक गर्दै आएपनि कार्यान्वयन नहुँदा देशमा भ्रस्ट्राचार र अनियमितता बढ्दै गएको सहभागीहरुको दावी थियो।

# बिराट गोल्डकपद्धारा आय-व्याय सार्वजनिक




बिराटनगर, भदौ १६ गते। शहिद रंगशाला विराटनगरमा भएको बिराट गोल्डकप फुटबल प्रतियोगित २०७७ को आय-व्याय चार महिना पछि सार्वजनिक गरेको छ।

रात्रीकालीन बिराट गोल्डकप प्रतियोगिता २०७७ साल चैत २६ गते शुरु भई २०७८ साल बैशाल ४ गते सम्पन्न भएको थियो।

पत्रकार सम्मलेन गरी सार्वजनिक गरिएको आय-व्ययमाका अनुसार कुल आन्दानी १ करोड ४७ लाख ५ सय ९४ रुपियां भएको र खर्च १ करोड ३९ लाख ७२ हजार २ सय ३१ पैसा खर्च भएको विवरण सार्वजनिक गरेको छ। जसमा ८ लाख २ हजार ३ सय ६२ पैसा आन्दानी भएको जानकारी बिराट गोल्ड कपका अध्यक्ष मनोज विक्रम शाहले वताए।

आन्दानीमा बिराटनग महानगरपालिकावाट १२ लाख, सामाजिक विकास मन्त्रालय प्रदेश नं. १ बाट १५ लाख, राष्ट्रिय खेलकुद परिषदवाट ४ लाख, मुख्य प्रयोजकबाट २० लाख, प्रायोजकबाट १० लाख, सहप्रायोजकहरुवाट १७ लाख २५ हजार, व्यानर प्रायोजकवाट ८ लाख, फुड पार्टनरबाट २ लाख ५० हजार, अन्यबाट ५० हजार प्राप्त भएको थियो। त्यसैगरी टिकट विक्रीबाट ५९ लाख ७६ हजार १ सय समेत आन्दानी भएको वताए।

रात्रीकालीन विराट गोल्ड कपी प्रतियोगिताको विजेता टिम सशस्त्र प्रहरी बल काठमाण्डौलाई १५ लाख १५ हजार र उपविजेता टिम पन्जाब पुलिस, जलन्धर भारतलाई ७ लाख ५१ हजार सहित ट्रफि प्रदान गरिएको थियो।


(७)

## वर्षातको समयमा आईपर्ने सम्भावित विपद्बाट बचौं र बचाऔं।

- बाढी, पहिरो र डुवानका जोखिम भएका बस्तीहरुको अविस्थितिवारे जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद, व्यवस्थापन समितिलाई जनाकारी गराऔं।
- विपद् जुनसुकै वेलापनि आईपर्न सक्छ त्यसैले पूर्व तयारी र प्रतिकार्य तयारी अवस्थामा राखौं।
- प्रत्येक टोल बस्तीहरुमा उद्धार टोली गठन गरी आवश्यक तालिमको व्यवस्था गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड



## अस्पतालकै जगतमा एक मात्र सुरक्षा अस्पताल

सुरक्षा अस्पताल प्रा.लि.सबैको सहयोगले स्त्री रोग तथा प्रसुती सेवा पाचौं वर्ष पुरा गरेर छैठौ वर्षमा प्रवेश गरेको र नवजात शिशुको उपचार दोस्रो वर्षमा प्रवेश गर्नुका साथै हाल ढाड तथा नशा रोग, **painless** प्रसुती सेवा, **Emergency** सेवा नया एंव अध्याधिक भरपर्दो **(ICU/MICU,NICU)** तथा जेनरल वार्डमा विभिन्न प्रविधिहरु सहितको सुविधा सम्पन्न सेवा संचालन भएको सबै सेवा ग्राहीहरुमा जानकारी गराउँदछौ।

### हाम्रो सेवाहरु :-

★ स्त्री रोग तथा प्रसुती सम्बन्धी सम्पूर्ण सेवाहरु
★ रोग सम्वन्धी (PICU,NICU With Ventilator) सेवा
★ जनरल फिजिसियन सेवा
★ जनरल सर्जरी तथा हाडजोडर्नी नशा रोग सम्वन्धी सम्पूर्ण सेवा
★ Minor & Major surgery सेवा
★ Laparoscopic surgery (दुरवीन द्धारा अप्रेशन) सेवा
★ इन्टरभेसनल स्पाइन एण्ड क्रोनिक पेन म्यानेजमेन्ट
★ 24 Hours Emergency सेवा
★ विशेष डाक्टरहरु द्धारा ओ.पि.डी. सेवा
★ २४ घण्टा ल्याब सेवा, एम्बुलेन्स सेवा र फार्मेसी सेवा
★ इनफर्टिलिटी क्लिनिक सेवा
★ **X–Ray, ECG,ECHO,USG,HSG,Cystoscopy**

सुरक्षा अस्पताल प्रा.लि.
वीरेन्द्र सभागृह अगाडी
सम्पर्क न. ०२१- ५३६९४१







## रेयूकाईद्धारा...

आग्रह गरेका थिए।

त्यसैगरी नेपाल रेयूकाईले समाजमा गर्दै आईरहेको कामको प्रशंसा गर्नुहुँदै विद्यालयका अध्यक्ष रोहित कोइरालले धन्यवाद दिएका थिए। उहाँले नेपाल रेयूकाईको सदस्य भएर रेयूकाई शिक्षाको अभ्यास गर्ने प्रतिवद्धता समेत गरेका थिए।

नेपाल रेयूकाई विराटनगर क्षेत्रका प्रमुख सदस्य, पदमकुमार सरदार, आशा सरदार, कौशल निरौला, टिका विसुनके, श्यामसुन्दर सुतिहार, र साहित्यकार मीनकुमार नवोदित श्रेष्ठ लगायत शान्ति युवा क्लवका सदस्यहरुको समेत उपस्थिति रहेको थियो।

सम्पूण अतिथीहरु मिलेर अनार, आप, लिच्ची, लत्ताम लगायतको विरुवाहरु रोपेका थिए। सो कार्यक्रम नेपाल रेयूकाईका सदस्य रिकु परियारको अध्यक्षतामा सम्पन्न भएको थियो।


## मेरिल्याण्डमा कक्षा ११ मा नयाँ भर्ना खुल्यो

व्यवस्थापन शिक्षामा राष्ट्रिय पहिचान बनाई विगत १९ वर्षदेखि देशभरिका कलेजहरुमध्ये लगातार टपटेनमा पर्दै आएको र यस वर्ष पनि नेपालमा नवौं स्थानमा पर्न सफल मेरिल्याण्ड कलेजमा कक्षा ११ मा नयाँ भर्ना खुलेको कुरा विनम्र अनुरोध गर्दछौं।



मेरिल्याण्ड कलेज
रंगेली रोड, विराटनगर फोन नं. : ०२१-५१५५४०, ५७५२७५, ४७०४९२


परिवर्तनको लागि क्राईम अपरेशन CRIME OPERATION साप्ताहिक
प्रवन्ध निर्देशक : हिरालाल साह ९८४२२०५८१६ सम्पादक/प्रकाशक : श्याम सुन्दर सुतिहार ९८४२०२७१४२,९८०७३५२२१३ कार्यालय विराटनगर-११ कम्प्युटर लेआउट:विजय कु.मण्डल मुद्रक:बाबा प्रिण्टर्स अफसेट प्रेस, विराटनगर-७ इमेल:crimeopration@gmail.com

## सम्पादकीय

# औषधी उपचारमा विचौलिया

स्वास्थ्य सेवालाई सेवाको पेशा भनेपनि अहिले स्वास्थ्य सेवा व्यापार र विचौलियाहरुको आखाडा भई सकेको छ । केही साता देखि नेपाल प्रहरीले त्यस्ता विचौलियाहरुलाई पक्राउ गरी कारवाही गर्न थालको छ । नेपाल सरकारको स्वामित्वमा रहेको अस्पतालहरुमा प्राय मानिसहरु उपचारको लागि जाने गरेका हुन्छन् । ती उपचारका लागि गएका विरामी र विरामीका आफन्तहरुले अस्पताल  छेउछाउमा रहेका औषधी पसल र पसलमा खटाएका केही विचौलियाहरुले सरकारी अस्पतलाको सेवा सुविधा राम्रो हुँदैन भन्दै कमीसन पाउने क्लिकहरुमा विरामीलाई पुऱ्याई दिन त्यस वात प्राइभेट अस्पताल र क्लिनिकवालारुले कमीसन दिने गरेका छन् । त्यती मात्र होई सेवाको भावनाले विरामी वोक्ने एम्बुलेन्स चालकले समेत प्राईभेट अस्पतालहरुमा विरामी पुऱ्याए वातस पैला असुल्ने गरेका छन् । त्यस्ता विचौलियाहरुलाई प्रहरीले केही साता भित्र २ दर्जन जतिलाई पक्राउ गरी कारवाही समेत चलाएको अवस्था छ ।

स्वास्थ्य क्षेत्रका केही साना तिना विचौलियाहरुलाई पक्राउ त गरेको छन् तर विचौलियालाई खटाउने निजी अस्पतला संचालकहरु, प्राईभेट क्लिनकहरुमा उपचार गर्ने डाक्टरहरु प्राय सरकारी अस्पतालमा कार्यरत हुन्छ । तीनीहरुले नै प्राइभेट तथा नीजी अस्पतालहरु संचालन गरेका हुन्छन । ती डाक्टरहरु समेतले विचौलिया खटाएको हाी सुन्दै आएको र पत्रपत्रिका मार्फत पढ्दै पनि आएका छौ । ती विचौलियाहरुको जरै सम्म पुग्ने गरी नेपाल प्रहरीले खोज अनुसन्धान गर्न पर्छ । साना तिना विचौलियाहरुले आफ्नो पेट पाल्न र घर व्यवहार चलाउनका लागि वेरोजगार यूवाहरुले त्यस्तो पेशामा लागेका छन् । ती यूवाहरुले राम्रो रोजगारी पाएमा विचौलियाको काम कदापी पनि गर्दैन होला । विचौलिया हटाउन एउटा महत्वपूर्ण कार्य नेपाल सरकारको दर्वन्दीमा रहेका डाक्टरहरुलाई निजी अस्पतालमा वा निजी क्लिनीक खोल्न रोक लगाउन आवश्यक छ ।

स्वास्थ्य क्षेत्रमा विचौलियाहरु देशभरी नै फैलिएको छ । खास गरी सरकारी अस्पतला छेउछाउमा खुलेका क्लिनिकहरु, औषधी पसलहरुमा काम गर्ने यूवाहरु र एम्बुलेन्स चालकहरुले विचौलियाको काम गर्ने गरेका छन् । विरामी र विरामीका आफन्तहरुलाई राम्रो उपचारको नाममा विचौलियाहरु जुन ठगी गरेको छ तीनीहरुलाईँ कडा भन्दा कडा कानुनी कारवाही गरेमा अन्य विचौलियाहरु समेत त्यो काम छाड्ने छन् । अन्यथा स्वस्थ्य क्षेत्रका विचौलियाहरुलाई पक्राउ गर्ने समान्य धरौटी लिएर छाड्ने काम भएमा विचौलियाको संख्या दिन दुना रात चगुना हुने छ तसर्थ ती विचौलियाहरुलाई कडा भन्दा सजायको भागीदार वनाउनु पर्छ ।

## साप्ताहिक राशिफल

**मेष** (**चु, चे, चो, ला, लि, लु, ले, लो, अ**) : **दम्पतिमा घरायसी विषयलाई लिएर वादविवाद बढेर असमझदारी वढ्ने सम्भावन छ । मनोरञ्जन र भ्रमणको योग छ ।**

**वृष** (**इ, उ, ए, ओ, वा, वि, वु, वे, वो**) : **वाणीको प्रभावले महत्वपुर्ण काम बन्ने छ भने मनोरञ्जन एवम अध्ययन भ्रमणको समेत अवसर मिल्ने योग छ ।**

**मिथुन** (**क, कि, कु, घ, ङ, छ, के, को, ह**) : युवा वर्गका लाीगि रमाइलो वातावरणको  अवसर मिल्ने छ । इष्टमित्रका सहयोगले महत्वपुर्ण काम बन्ने ।

**कर्कट** (**हि, हु, हे, हो, डा, डि, डु, डे, डो**) : युवावर्गका लाीग मनोरञ्जन एवं प्रेम प्रसङ्गमा रमाउने योग रहनुका साथै कतै भ्रमणमा जाने योग छ ।

**सिंह** (**मा, मि, मु मे, मो, टा, टि, टु, टे**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

**कन्या** (**टो, प, पी, पू, ष, ण, ठ, पे, पो**) : घरायसी र पारिवारीक विषयले चिन्ता बढाउने छन । बौद्धिक क्षेत्रका काममा सफलता मिल्ने योग रहेको छ ।

**तुला** (**रा, री, रु, रे, रो, ता, ती, तु, ते**) :भोग विलासका सामग्री हरुको किनमेलमा पैसा खर्च गराउला । काममा विघ्न वाधाहरु आउन सक्नेछन ।

**वृश्चिक** (**तो, ना, नि, नू, ने, नो, या, यि, यू**) : **बुद्धिको प्रभावले ठुला-ठुला समस्या** हरुमा समाधान निकाल्नलाई योग छ । मित्रहरको सहयोग राम्रो रहने छ ।

**धनु** (**यो, भा, भी, भू, ध, फा, ढ, भे**) : धार्मिककाममा महत्वपूर्ण सहभागिता जनाउनुपर्दछ । व्यापारीवर्गका लागि मनग्गे आमदानीको योग छ ।

**मकर** (**भो, जा, जी, जू, जे, ख, खि, खू, खे, गा, गी**) : धार्मिक उव समाजिक काममा मान स्म्मान मिल्ने योग छ । महीनाको उत्तराधएमा सामान्यवादविवादमा समेत तान्ने छ ।

**कुम्भ** (गु, गे, गो, सा, सी, सु, से, सो, द) :**सानो तिनो चोटपटकको सम्भावना र हेकाले सतर्कता अपनाउनु होला । भाग्यले राम्रै साथ दिनाले सफलता मिल्नेछ ।**

**मीन** (**दी, दु, थ, झ, ञ, दे, दो, च, ची**) : उच्च मनोवल रहनाले महत्वपूर्ण काममा सफलता मिल्ने छ । भने वादविवादमा समेत जित तपाईकै हुने छ ।

# राजनीतिक अस्थिरता नै विकासको बाधक हो ?

प्रकाश शर्मा ढकाल

नेपालमा किन विकास हुन सकेन ? भन्ने सार्वजनिक बहसमा सबैभन्दा बाक्लो गरी आउने प्रश्न हो । यसको उत्तर पनि लगभग एउटै आउने गर्दछ । त्यो हो- राजनीतिक अस्थिरता अर्थात् बारम्बार सरकार परिवर्तन नै नेपालको अविकासको जड मानिंदै आएको छ । सरकारको स्थायित्वले विकासलाई तीव्रता दिन सक्दछ ।

सरकार बारम्बार परिवर्तन भयो भने विकास नै नहुने वा राजनीतिक अस्थिरता नै विकासको पछौटेपनाको एकमात्र कारक हो त ? यसको गहन अध्ययन विश्लेषण गर्नुपर्ने आवश्यकता देखिन्छ । राजनीतिक अस्थिरतालाई देखाएर कतै हामी हाम्रो जिम्मेवारीबाट च्यूत त हुँदै छैनौं ?

राजनीतिक अस्थिरताका बीच विकासलाई के-कसरी निरन्तरता दिन सकिन्छ भन्ने बहसको विषय नहुनु आफैंमा विडम्बना हो । यस लेखमा अस्थिर राजनीतिका बीच विकासको खुड्किलो पार गरेका देश, विभिन्न शासन प्रणाली र विकासको स्तरको सामान्य चर्चा गर्दै अस्थिरताले नेपालको विकासमा पारेको प्रभाव र नेपालको अबको कार्यदिशाका बारेमा विश्लेषणको प्रयास गरिएको छ ।

अस्थिर राजनीति र विकास: अन्तर्राष्ट्रिय अनुभव

राजनीतिक अस्थिरताले समग्र विकास व्यवस्थापन प्रभावकारी बनाउन नसकी जर्जर अवस्थामा पुगेका मुलुकहरू पनि छन् भने राजनीतिक अस्थिरताका बीच विकासका साझा एजेण्डा तय गरी विकासमा फड्को मार्ने देशहरू पनि छन् । विकासका लागि सरकार होइन नीतिको स्थायित्व आवश्यक छ भन्ने प्रमाणित गर्ने देशहरूको सूची लामै छ ।

जापान तुलनात्मक रूपमा सरकारको अस्थिरता भएको देशमा पर्दछ । सन् २००० पछि मात्र पनि ११ वटा सरकार बनिसकेका छन् । छिमेकी मुलुक भारतमा मनमोहनसिंह प्रधानमन्त्री बन्नुपूर्वको समयमा सरकारको परिवर्तन छिटो-छिटो भएको देखिन्छ । अटल बिहारी बाजपेयी सरकार त १६ दिन मात्र रह्यो । त्यसपछि देवेगौडा, आई के गुजरालको सरकारले पनि एक वर्षभन्दा कम समय मात्र काम गर्न पाएको देखिन्छ ।

राजनीतिक रूपले सधैं संक्रमणकाल जस्तो लाग्ने थाइल्याण्डमा पनि पछिल्ला दुई दशकमा १२ सरकार बनिसकेका छन् । तर पनि यी देश विकासको हिसाबले अग्रस्थानमा रहेका छन् । सिरिया, रुवाण्डाका राष्ट्रपति विगत २१/२१ वर्षदेखि एकैजना रहेका छन् भने युगाण्डाका राष्ट्रपति विगत ३५ वर्षदेखि सत्तामा रहेका छन् । तर पनि ती देशको विकासको अवस्था कमजोर नै रहेको छ ।

अस्थिर सरकार: नेपालको नियति

नेपालमा प्रजातन्त्रको उदय पश्चात् अर्थात् पछिल्लो सात दशकमा एउटा पनि सरकारले पूर्ण कार्यकाल काम गर्न पाएको देखिंदैन । २०४६ सालको परिवर्तन पश्चात् २८ सरकार बने । यी सरकारमा सबैभन्दा लामो समय स्वर्गीय गिरिजाप्रसाद कोइरालाको सरकार तीन वर्ष चार महीना टिक्यो भने निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले तीन वर्ष तीन महीना र पुन: प्रधानमन्त्री नियुक्त भई दुई महीना सरकारको नेतृत्व गरे ।

लगातार सबैभन्दा बढी समय प्रधानमन्त्री बन्ने इतिहास उनकै रह्यो । सूर्यबहादुर थापा र झलनाथ खनालले ६ महीना मात्र सरकारको नेतृत्व गर्ने अवसर पाएको देखिन्छ । प्रधानमन्त्रीका रूपमा हेर्दा सरकारको संख्या २८ भए पनि मन्त्रिमण्डल विस्तार र हेरफेर सयौं पटक भएको देखिन्छ ।

केपी शर्मा ओलीले आफ्नो कार्यकालमा १९ पटकसम्म मन्त्रिमण्डल हेरफेर गरेका थिए । यस हिसाबले सरकारको नेतृत्व परिवर्तन नभए पनि मन्त्रालयको नेतृत्व बारम्बार परिवर्तन हुँदा मन्त्रालयगत प्राथमिकता, नीति तथा कार्यक्रमहरू परिवर्तन भइरहे । यसले नीतिगत अस्थिरता पैदा गरिदियो ।

योजना र सरकार: दोषारोपणको शृङ्खला

योजनाबद्ध विकासको थालनी भएको साढे ६ दशकको अवधिमा चौधौं योजना कार्यान्वयन भई हाल पन्ध्रौं योजना कार्यान्वयनको चरणमा रहेको छ । योजनाको दस्तावेज जारी एवम् सोको कार्यान्वयनमा कुनै पनि योजनाले एउटै सरकार व्यहोरेन । अर्थात् जारी गर्ने, कार्यान्वयन गर्ने तथा सोको मूल्याङ्कन फरक-फरक सरकारबाट भयो ।

यसले न योजनाप्रति अपनत्व कायम भयो न त कुनै सरकार जिम्मेवार र उत्तरदायी नै बन्न पुग्यो । जारी गर्नेले कार्यान्वयन गर्नेलाई र कार्यान्वयन गर्नेले जारी गर्नेलाई दोष थुपार्ने काम मात्र भयो ।

एकपछि अर्को राजनीतिक आन्दोलन र सोको सफलता भनिए पनि विकासका एजेण्डाले मूर्तरूप लिन नसक्दा एकपछि अर्को आन्दोलन/क्रान्तिको आवश्यकता महसूस हुँदै गएको हो ।संसारमै उत्कृष्ट मानिएको शासन प्रणाली र राज्य संरचना आत्मसात् गर्दा पनि जीवनस्तर जहाँको त्यहीं हुनु बिडम्वना हो ।

२००७ सालमा प्रजातन्त्रको उदयपश्चात् ६ वटा संविधान जारी भइसके । कुनै पनि संविधानले आफ्नो औचित्य पुष्टि गर्न सकेनन् । हुन त संविधानका व्यवस्था अमूर्त हुन्छन् । यसलाई मूर्त रूप दिने भनेको सरकारले नै हो । संविधान राज्यको मूल नीति हो यसमा द्विविधा रहेन । तर संविधान निर्माणको उद्देश्य वा पृष्ठभूमि, संविधानमा राखिएका व्यवस्था र सोको कार्यान्वयनबीच देखिएको अन्तरले न संविधान दीर्घजीवी बन्न सके न सरकारलाई मार्गदर्शन नै गर्न सफल भए । यो सात दशक राजनीतिक व्यवस्था परिवर्तनकै चक्रव्यूहमा बित्यो । यसले नेपालको आर्थिक, सामाजिक, सांस्कृतिक, सुरक्षा, परराष्ट्र नीति पनि अलमलमै रुमलिए ।

राज्य नियन्त्रित अर्थ-व्यवस्थाबाट बजारमा आधारित अर्थ-व्यवस्था अर्थात् उदार आर्थिक नीतिमा फड्को मारेको भनी गौरव त गरियो तर अझ पनि नेपालले पूँजीवादी, समाजवादी वा मिश्रित कुन अर्थ-व्यवस्था अवलम्बन गरिरहेको छ भनी भन्न सक्ने अवस्था देखिंदैन ।

नेपालको संविधानले समाजवाद उन्मुख भन्यो तर त्यसको विस्तृत व्याख्या हुन सकेन । के हो समाजवाद ? समाजवाद उन्मुख भनेको के र कुन विन्दुसम्मको विषय हो भन्नेमा संविधान आफैं, राजनीतिक दल, सरकार कोही पनि स्पष्ट हुनसकेको देखिंदैन ।

शासन प्रणाली र विकास

शासन प्रणाली वा व्यवस्थालाई पनि अल्प-विकासको अर्को जड मानियो । एकात्मक राज्य-व्यवस्था त्यसमा पनि राजतन्त्र अग्रगामी विकासको बाधक भन्दै अढाइ सय वर्ष पुरानो राजतन्त्र फालेर नेपाली जनताले गणतन्त्र र एकीकृत संरचनाका अवशेषसम्म नराख्ने / नदेख्ने चाहना बमोजिम संघीय शासन प्रणाली अवलम्बन गरियो ।

विश्वका विकसित तथा अविकसित देशहरूको शासन प्रणाली अध्ययन गर्ने हो भने राजतन्त्र भएका देशहरू विकासको चुलीमा पुगेका पनि देखिन्छन् भने गणतन्त्र, संघीयता भए पनि विकासको न्यूनतम अवस्थासम्म पुग्न नसकेका देशहरू पनि छन् । बेलायत, जापान, कतार, ओमान, थाइल्याण्ड तथा पछिल्लो समय भुटान समेत राजतन्त्र भए पनि विकासका हिसाबले उन्नत अवस्था/अवस्थाउन्मुख छन् ।

सुडान, इथियोपिया, नाइजेरिया संघीयताको अभ्याससम्म गर्न नसकी थलिएका पनि छन् भने अमेरिका, जर्मनी, स्विट्जरल्याण्ड, अष्ट्रेलिया संघीय शासन प्रणालीका नमूना मुलुकको रूपमा परिचित छन् ।

बेलायत, भारत संसदीय शासन व्यवस्थाको अभ्यास गरिरहेका छन् । नेपाल पनि संसदीय व्यवस्थाको अभ्यास गरिरहेको छ । अमेरिका प्रत्यक्ष निर्वाचित कार्यकारीको अभ्यास गरेको मुलुक हो भने नाइजेरिया पनि प्रत्यक्ष निर्वाचन प्रणाली अवलम्बन गरिरहेको देश हो । यी देशहरूको विकासको अवस्था ठ्याक्कै दुई ध्रुवमा देखिन्छ ।

के चाहिन्छ विकासको लागि ?

कुनै पनि देश विकसित वा अविकसित हुनुमा शासन प्रणाली, राज्यको स्वरूप, राजनीतिक स्थिरता/अस्थिरता मुख्य जिम्मेवार देखिंदैन । जुनसुकै प्रणाली वा संरचनाको अभ्यास भए/गरेको भए पनि विकास सम्भव नै देखिन्छ । निरंकुश सत्ता होस् वा लोकतान्त्रिक पद्धति दुवैमा विकास र अविकासका उदाहरण प्रशस्तै देखिन्छन् । नेपालको विगत तथा अन्तर्राष्ट्रिय अनुभव समेतको अध्ययनबाट विकासका लागि कम्तीमा पनि निम्न कुराहरू अनिवार्य देखिन आयो:

दूरदर्शी नेतृत्व

विकसित मुलुकको अभ्यास हेर्ने हो भने दूरदर्शी नेतृत्व (भिजिनरी लिडरसिप) विकासको पहिलो शर्त हो । आजका सिंगापुर, मलेशिया, दक्षिण कोरिया सफल नेतृत्वका उपज मानिन्छ । नेपाललाई अबको १० वर्ष, २० वर्षमा कहाँ पुऱ्याउने भन्ने स्पष्ट सोच र सो सोचलाई मूर्तरूप दिने कार्यान्वयनयोग्य कार्ययोजना तय गर्न सक्ने राजनेता देशले खोजिरहेको छ । हाम्रो धरातलीय यथार्थलाई चटक्कै बिर्सिएर सस्तो लोकप्रियताका लागि महत्वाकांक्षी दीर्घकालीन सोच राख्नु पनि हुँदैन । त्यो पनि उत्तिकै हानिकारक हुन्छ नै ।

वांकी ५ पेजमा...

## केही महत्व पूर्ण टेलिफोन नम्बरहरु

### दमकल

बिराटनगर बारुणयन्त्र ४२००००
इटहरी बारुणयन्त्र ५८०१०१
धरान बारुणयन्त्र ५२०१९९
इनरुवा बारुणयन्त्र ५६०१०१
दमक बारुणयन्त्र ०२३-५८०१०१
भद्रपुर बारुणयन्त्र ०२३-५२०१०१

### एम्बुलेन्स सेवा

जिविस मोरङ ५३६३५३
नेरेसो रंगेली ५८००४८
बिराटनगर उपमनपा ५२२२३६

### अस्पताल

कोशी अ.अ.इमरजेन्सी ५२४२३४
रंगेली अस्पताल ५८००४८
आँखा अस्पताल ५२३७०६
सुरक्षा अस्पताल प्रा.लि.
०२१-५३६९४१, ५२२८७७
एम्बुलेन्स ९८०२७५३७१७,
९८०२७५३७०६

### प्रहरी

पूर्वाञ्चल क्षे.प्र.कार्यालय
०२१-४३५००१
जिल्ला प्रहरी कार्यालय
५३०३५८, ५२३९०१,१००
नगर प्र.का.. बिराटनगर
५२१८५०, ५३०३६७, ११०,
इ.प्र.का. रंगेली
८०१००८०१३०
इ.प्र.का. उर्लाबारी
०२१-५४०००२
सिमा प्रहरी चौकी
०२१-४३५८४०

क्राईम अपरेशन
CRIME OPERATION साप्ताहिक

# हतियार सहित दुई पक्राउ




बिराटनगर । हतियार सहित जिल्ला मोरङ कानेपोखरी गाउँपालिका वडा नं. ६ शिवालय चोक बस्ने वर्ष ३० को रुद्र बहादुर क्षेत्रीलाई प्रहरीले पक्राउ गरेको थियो ।

हातहतियार लुकाई छिपाई राखेको सुचनाको आधारमा खटिएको प्रहरी टोलीले क्षेत्रीको घरमा खान तलासी गर्ने क्रममा मेडिइन यूसए लेखेको पेस्तोल १ थान, गोली ३ राउण्ड र खुकुरी १ थान समेत बरामद भएको थियो ।

प्रारम्भिक अनुसन्धानको क्रममा सोही ठाउँ बस्ने बर्ष ४० को पुर्ण बहादुर बोहोरा समेत उक्त कार्यमा संलग्न रहेको खुल्न आएकोले बुधवार पुर्ण बहादुर बोहोरा समेत लाई पक्राउ गरी सम्मानित मोरङ जिल्ला अदालतबाट हातहतियार खरखजना कसूरमा दिन ५ (पाँच) म्याद थप गरी थप अनुसन्धान कार्य भई रहेको छ ।

# लागू औषध सहित ६ पक्राउ

बिराटनगर । मोरङको उर्लाबारी र सिजुवामा प्रहरीले प्रतिबन्धित औषधी सहित ६ जनालाई पक्राउ गरेका छन् ।

पक्राउ पर्नेमा उर्लाबारी नगरपालिका वडा नं. ८ स्थित रातोहोली बस्ने २७ बर्षीय अनिश श्रेष्ठ र २१ बर्षीय सुजन श्रेष्ठ रहेका छन् ।

बुधवार ईलाका प्रहरी कार्यालय उर्लाबारीबाट खटिएको प्रहरी टोलीले उनिहरुको घर कोठाबाट त्चकबमर्या ञछड ऋबउकगभिक र क्उबकउबष्ल ञद्ध त्वदभित प्रतिबन्धित औषधी सहित पक्राउ गरेको छ ।

त्यस्तै रतुवामाई नगरपालिका २ घरुचौकबाट ईलाका प्रहरी कार्यालय सिजुवाबाट खटिएको प्रहरी टोलीले उर्लाबारी नगरपालिका वडा नं. १ का २१ बर्षीय माधव श्रेष्ठलाई नाईट्रोभेट ६६० र कोरेक्स डीएक्स १ बोतल लागूऔषध सहित पक्राउ गरेको थियो ।

सोही स्थानमा सोहीदिन राती सँवा १० बजे सिमा प्रहरी चौकीबाट खटिएको प्रहरी टोलीले नेपाल तर्फ आउदै गरेको मे १ ह ३१७२ नम्बरको अटोलाई चेकजाँच गर्दा अटोमा लुकाई राखेको प्रतिबन्धित औषधी स्पासपेन ५ सय ट्याब्लेट र ट्रामाडोल १ हजार ट्याब्लेट बरामद गरिएको थियो ।

अटोमा सवार रहेका मोरङ उर्लाबारी ५ का २३ बर्षीय समिर मगर, झापा दमक १४ का २९ बर्षीय अब्दुल आमिर खान र उर्लाबारी ५ का २४ बर्षीय घनश्याम गुरुङलाई नियन्त्रणमा लिई ईलाका प्रहरी कार्यालय सिजुवाले थप अनुसन्धान गरिरहेको छ ।

# कोभिड-१९ को महामारीमा २३ पत्रकारको मृत्यु, हजारभन्दा बढी पीडित

काठमाडौं । कोभिड-१९ महामारीका कारण विगत डेढ वर्षमा २३ पत्रकारको ज्यान गएको छ भने एक हजारभन्दा बढीले आफन्त गुमाएको र अन्य थुप्रै व्यावसायिक रुपमै प्रभावित हुनुपरेको छ ।

नेपाल पत्रकार महासंघका अध्यक्ष विपुल पोखरेलले मंगलबार नेपाल प्रेस इन्स्टिच्यूटले आयोजना गरेको मिडियामा कोभिडको असरसम्बन्धी राष्ट्रिय कार्यशालामा सम्बोधन गर्दै सो जानकारी दिनुभएको थियो ।

सञ्चार तथा सूचना प्रविधिमन्त्रालयका सचिव वैकुण्ठ अर्यालको प्रमुख आतिथ्यमा सम्पन्न सो कार्यशालामा अध्यक्ष पोखरेलले भने, 'कोभिडका कारण कति उद्योग तथा व्यवसाय बन्द भए तापनि मिडिया क्षेत्र जसरी होस् चलिरहेकै छ, दुःख सहेर यस क्षेत्रलाई जीवित नराखेको भए महामारीले कति भयाबह स्वरुप देखाउँथ्यो, सबैले पत्रकार तथा सञ्चार क्षेत्रको गुन मान्नु आवश्यक छ ।'

कार्यक्रमका प्रमुख अतिथि पोखरेलले, मुलुकका लागि यत्रो भूमिका खेल्ने मिडिया क्षेत्रप्रति राज्य संकीर्ण र अनुदार हुनु दुर्भाग्यपूर्ण भएको वताए ।

सोही कार्यक्रमका प्रमुख अतिथि तथा सचिव अर्यालले प्रदेश तथा स्थानीय सरकारले मिडिया तथा सञ्चार क्षेत्रका लागि सघाउने काम गरिरहेको छ, त्यो सहयोग पनि राज्यले नै गरेको हो, संघीय सरकारबाट सहयोग प्राप्त भएन भनेर राज्यले नै सहयोग नगरेको भन्न मिल्दैन वहांको जवाफ थियो ।

'सरकारले मिडिया तथा सञ्चार उद्योगका विभिन्न क्षेत्रमा कर छुटको सोच बनाएको छ, महासंघ तथा नेपाल प्रेस इन्स्टिच्यूटका अनुभवी सञ्चार विज्ञसँग बसेर छलफल गर्न हामी तयार छौं, तपाईंहरुको सुझावअनुसार हामी अघि बढ्छौं,' सचिव अर्यालले वताए ।

सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको अनुदान सहयोगमा नेपाल प्रेस इन्स्टिच्यूटले "नेपाली पत्रकारिता तथा सञ्चार उद्योगमा कोभिड-१९ ले पारेको असर" विषयमा आयोजित सो कार्यक्रममा सातै प्रदेशका नेपाल पत्रकार महासंघका प्रादेशिक अध्यक्षहरुले तयार पारेको अनुसन्धानमूलक कार्यपत्र पनि प्रस्तुत गरिएको थियो ।



सचिव अर्यालले सञ्चारकर्मीको क्षमता विस्तार, भावी कार्यदिशा निर्माण, नीति निर्माण तथा कार्यान्वयन लगायत का विषयमा सहजीकरण गर्न आफू सदैव तत्पर रहेको बताउदै सातवटै प्रदेश बाट उठेका बुदाहरुको आधारमा तयार पारिने प्रतिवेदनले अगाडि का निर्णय लिन मन्त्रालयलाई सघाउने धारणा राखेका थिए ।

इन्स्टिच्यूटका कार्य वाहक अध्यक्ष मन्टे श्वरी राजभण्डारीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा वरिष्ठ पत्रकार ध्रुवहरि अधिकारी तथा कानुनविद काशीराज दाहालले मिडिया जगत्ले भोगेको पीडाका सम्बन्धमा सरकार गम्भीर हुनुपर्ने धारणा राख्नुभएको थियो ।

कार्यक्रममा प्रदेश १ का प्रादेशिक सञ्चार प्रतिष्ठानका कार्यकारी प्रमुख यज्ञ शर्मा, प्रदेश २ का आम सञ्चार प्रतिष्ठानका अध्यक्ष श्यामसुन्दर यादव र प्रेस काउन्सिल नेपालका प्रशासन प्रमुख झविन्द्र भुसालले पनि कोभिडको असरका सम्बन्धमा विश्लेषण गर्दै आ-आफ्नो निकायले खेलेको भूमिकाका विषयमा प्रकाश पार्नुभएको थियो ।

# घिउकुमारीको सातवटा फाईदा र प्रयोग

एलोभेरा सौन्दर्य प्रशाधन एवं स्वास्थ्यको क्षेत्रमा परिचित नाम हो । यो क्याक्टस प्रजातिको एक बिरुवा हो, जो गर्मी एवं सुक्खा जलवायुमा उब्जाउ हुन्छ । यो व्यापक रूपमा टेक्सास, न्यू मेक्सिको, एरिजोना र क्यालिफोर्नियाको दक्षिणी सीमा क्षेत्रहरुमा खेती गरिन्छ । यो वर्षौंको लागि आयुर्वेदिक औषधि बनाउन प्रयोग गरिँदै आएको हो । एलोभेरा जेलले हामीलाई घामबाट बच्न र घाउ निको पार्न मद्दत गर्छ । यसका लाभहरुको बारेमा तल उल्लेख गरिएको छ ।

घिउकुमारीको लाभ

तेल बिना नै यसको कोमल जेलको प्रयोगले एउटा नाइट क्रिम बनाउन सकिन्छ । घामको हानिकारक किरणबाट बच्नको लागि घिउकुमारीको जेलको प्रयोग गर्न सक्नुहुन्छ । जसले कपाल झर्ने समस्यालाई रोक्न सक्छ । यही कारणले यसलाई चामत्कारिक वृक्ष पनि भन्ने गरिन्छ । दैनिक जीवनमा यसको प्रयोग गर्दा हामीलाई निम्न फाइदा हुन सक्छ ।

मधुमेह नियन्त्रण गर्न
मुटुको जलनबाट मुक्ति
मुख सफा राख्न
कब्जियतको समस्या समाधान
पोषक तत्वबाट मुक्ति
मधुमेह नियन्त्रण

दैनिक दुई चम्चा एलोभेरा जुसको सेवनले रगतमा चिनीको मात्रा घटाउन सहयोग गर्छ । यसलाई कुनै जुस वा पानीसँग पनि सेवन गर्न सक्नुहुन्छ । तर घिउकुमारी सेवन गर्ने जुस ताजा फलबाट तयार पारेको हुनुपर्छ ।



मुटुको जलनबाट मुक्ति

ग्यास्ट्रोसफोजिएल रिफ्लक्स डिजिज एक पाचनसँग सम्बन्धित समस्या हो । जसको कारणले मुटुमा धेरै जलन हुन सक्छ । सन् २०१० मा एक अध्ययनमा यो सुझाव दिइएको थियो कि अक्सर बारम्बार यस्तो समस्या भइरहेको छ भने करिब आधा आधार घण्टा पहिले १ देखि ३ मात्रा एलोभेरा जुसको सेवान गर्नुहोस् । यसबाट जीईआरडीको समस्याबाट राहत पाउनको लागि मद्धत पुग्छ ।

२०१४ मा इथोपियन जर्नल अफ हेल्थ साइन्समा प्रकाशित एक अध्ययनलाई मान्ने हो भने बजारमा पाइने केमिकल युक्त माउथवासको साँटो घिउकुमारी सबैभन्दा प्रभावकारी विकल्प हो ।

कब्जियतबाट राहत पाउन

घिउकुमारीमा ल्याक्जेटिभ गुण पाइन्छ । जसले पेट सफा गरेर कब्जियतबाट जोगाउन पनि सहयोग गर्छ । यसमा फाइबरको मात्रा पनि धेरै मात्रामा पाइन्छ । जुन खानेकुरालाई राम्रोसँग पचाउनको लागि सहयोगी हुन्छ । यदि तपाईंलाई बारम्बार कब्जियतको समस्या छ भने दैनिक दुई चम्चा एलोवेराको रस सेवन गर्नुहोस्, यसले पाचन प्रणालीमा सुधार गर्छ । तपाईं घरमै पनि ताजा एलोवेराको पातहरुबाट रस बनाउन सक्नुहुन्छ ।

कलेजोको कार्य

तपाईंको समग्र स्वास्थ्यको आधार तपाईंको कलेजोको कार्यमा आधारित हुन्छ । घिउकुमारीको रस कलेजोको स्वास्थ्यको लागि एउटा उपयुक्त तरिका हो । तपाईंको शरीर पर्याप्त पोषण र पानीको मात्रा भयो भने कलेजोले पनि राम्रो काम गर्ने गर्छ ।

छाला र कपालको हेरचाह

घिउकुमारी जेल छाला सफा र कपालको सुरक्षाको लागि प्रभावकारी हुन्छ । ९६ प्रतिशत पानी र एमिनो एसिड्सबाट भरपपुर यस पारदर्शी जेलमा बिटामिन ए, बी, सी र ई हुन्छ । जसले कपालको लागि आवश्यक पोषण प्रदान गर्छ । यसरी एलोभेराले कपाल झर्न कम हुन्छ र कपाल बढ्छ ।

निष्कर्ष

एलोभेरा जुस पोषक तत्वले युक्त हुन्छ । यसमा भिटामिन बी, सी, ई र फोलिक एसिड जस्ता महत्वपूर्ण भिटामिन र खनिजहरु पाइन्छ । यो तपाईंको आहारमा समावेश गरेर पोषक तत्वहरुको कमी पूरा गर्न सक्नुहुन्छ । एलोभेराको उचित मात्रामा उपभोग गर्नाले तपाईंलाई स्वस्थ बनाउन मद्धत गर्छ ।


## कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

१. कसरी सर्छ कोरोना भाईरस ?

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन् ?

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्रे हुनु ।

3. यसबाट बच्न के–के गर्ने ?

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

सुनवर्षि नगरपालिका मोरंग प्रदेश नं. १






## विराटनगर महानगरपालिको अपिल

१. नोभेल कोरोना (कोभिड-१९) संक्रमण, नियन्त्रण र रोकथामको लागि यस महानगरपालिका क्षेत्र भित्र संचालनमा रहेको सवै पसल, उदोग तथा व्यवसायीहरुले सेवा लिन आउने आगन्तुकहरुका लागि साबुन पानी वा सेनिटाईजर ले हात धुने व्यवस्था मिलाउनु पर्ने ।

२. नोभेल कोरोना (कोभिड-१९) भाइरस विरुद्ध सामाजिक संघ संस्थाहरुले गरेको र गर्ने कामको बारेमा महानगरपालिकालाई जानकारी गराई नदोहोरीन र प्रगति अभिलेख एकद्धार प्रणालीको व्यवस्थपन र्कामा सहयोग गर्ने ।

३. महानगरपालिका अन्तर्गत संचालन हुने साप्ताहिक हाटबजारहरु अर्को सूचना नभएसम्म का लागि स्थगित (वन्द) गर्ने ।

थप जानकारीको लागि ९८४२०२३६७९, ९८५२०३२८१८, ९८४४०९९३७०

## २० वर्ष सजाय पाएका दुई जना फरार प्रतिवादी पक्राउ

बिराटनगर । २० बर्ष कैद सजाय ठहर भएका २ जना फरार प्रतिवादीहरूलाई प्रहरीले पक्राउ गर्न सफल भएको छ ।

मोरङ जिल्ला अदालतको मिति २०७३ फाल्गुण १२ गतेको फैसलाले कर्तव्य ज्यान मुद्दामा २० बर्ष कैद सजाय ठहर भएका फरार प्रतिवादी जिल्ला मोरङ बेलबारी नगरपालिका वडा नं. १ बस्ने बर्ष ३१ को धर्मराज पोखरेल र सोही अदालतले सोही मितीको फैसलाले २० बर्ष कैद सजाय ठहर भएका तत्काल जिल्ला मोरङ ईन्द्रपुर गाउँ विकास समिति वडा नं ४ घर भई हाल जिल्ला मोरङ बिराटनगर महानगरपालिका वडा नं १२ बस्ने बर्ष २९ को कृष्ण राजबंशी भन्ने कृष्ण प्रसाद ताजपुरीयालाई पक्राउ गरेको हो ।

ईलाका प्रहरी कार्यालय बेलबारीबाट खटिएको प्रहरी टोलीले पक्राउ गरी आवश्यक कारवाहीको लागि सम्मानित मोरङ जिल्ला अदालत विराटनगरमा बुझाएकोमा कारागार चलान भएको छ ।

## खैरोहिरोइन सहित ३ पक्राउ

झापा । अर्जुनधारा वडा नं. ४ मदनपुर स्थितबाट लागुऔषध खैरोहिरोईन ब्राउनसुगर सहित तिन जना पक्राउ परेका छन ।

पक्राउ पर्नेमा अर्जुनधारा वडा नं. २ का १८ बर्षीय एबिट बुढाथोकी, ३० बर्षीय सजित समाल र अर्जुनधारा वडा नं. ३ का २६ बर्षीय सौगात खतिवडा रहेका छन ।

उनिहरुलाई बिशेष सुचनाका आधारमा ईलाका प्रहरी कार्यालय अनारमनी र लागुऔषध नियन्त्रण ब्युरो काकडभिट्टाबाट खटिएको प्रहरी टोलीले मंगलवार ७ ग्राम खैरोहिरोईन ब्राउनसुगर सहित पक्राउ गरेको हो ।

साथै उनिहरुको साथबाट नगद ४९ हजार ५ सय रुपैया समेत फेला पारी बरामद गरिएको छ । पक्राउ परेका तिनै जना उपर थप अनुसन्धान तथा लागुऔषध मुद्धामा कानुनी कारबाही अगाडी बढाईएको छ ।

## डिजल ट्यांकर चारी गर्ने पक्राउ

बिराटनगर । डिजेल भरेको ट्याकर चोरी गरी भग्ने दुई जनालाई प्रहरीले पक्राउ गरेको थियो ।

सोमवार जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ४ स्थित जिल्ला मोरङ विराटनगर महानगरपालिका वडा नं. ४ बस्ने बर्ष २६ श्रवणकुमार यादव र बर्ष २६ को विक्की रायले नेपाल आयल निगमको उत्तरतर्फ रहेको पार्किङ स्थलबाट २० हजार लिटर डिजेल सहितको ना ४ ख ४६९ नम्बरको ट्यांकर चोरी गरी भाग्दै गरेको थियो ।

जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको प्रहरी टोलीले जिल्ला मोरङ बुढीगंगा गाउँपालिका वडा नं. ३ बाँसबारीबाट ट्यांकर सहित दुवै जनालाई नियन्त्रणमा लिएको थियो ।

पक्राउ परेका दुवैलाई सम्मानित मोरङ जिल्ला अदालतबाट चोरी कसूरमा दिन ५ (पाँच) म्याद थप गरी थप अनुसन्धान कार्य भई रहेको छ ।

## मोटरसाईकलको ठक्करबाट मृत्यु

ओखलढुंगा । ओखलढुङगा मानेभन्याङ गाऊपालिका वडा नं. ५ ताराबारी स्थित सिद्धिचरण राजमार्गमा मोटरसाईकलको ठक्करबाट एक जना पैदल यात्रीको मृत्यु भएको थियो ।

मृत्यु हुनेमा सोही पालिका ओखरबोटकी ५० बर्षीया कर्ममाया मगर रहेकी थिइन । बुधवार ओखलढुंगा सदरमुकामबाट हर्कपुर तर्फ जादै गरेको बा ३६ प ३५२२ नम्बरको मोटरसाईकलको ठक्करबाट गम्भिर घाईते भएकी उनको मिसन अस्पताल ओखलढुंगामा उपचारको क्रममा मृत्यु भएको थियो ।

मोटरसाईकल र चालक सोही स्थानका २१ बर्षीय रेवत बहादुर पुलामी मगर प्रहरी चौकी मानेभन्ज्याङको नियन्त्रणमा रहेको छ । घटना सम्बन्धमा थप अनुसन्धान भईरहेको छ ।


### कोरोना (C0VID–19 ) भाइरसका बारेमा जनहितमा जारी सूचना

**१. कसरी सर्छ कोरोना भाईरस ?**

क) नाकबाट निस्कने सिगानबाट, ख) फोहरहातबाट,
ग) राम्रो संग नपाकेको माछा, मासु र तरकारीबाट,
घ) भाइरसबाट प्रभावित व्यक्तिको सम्पर्कबाट

**२. कोरोना भाइरसका लक्षण के–के हुन सक्छन्**

क) सिगान बगिरहनु, ख) घाँटी सुक्नु तथा दुख्नु,
ग) पखाला लाग्नु, घ) वान्ता हुनु,
ङ) लगातार टाउँको दुख्नु, च) लगातार ज्वरो आउनु,
छ) सास फेर्न गाह्ये हुनु ।

**3. यसबाट बच्न के–के गर्ने ?**

क) साबुन पानीले राम्रो संग हात धुने,
ख) खानेकुरा धोइपखाली राम्रोसंग पकाउने,
ग) मास्क प्रयोग गर्ने, घ) भिडभाडमा नजाने,
ङ) सकभर होटल, रेष्टुरेन्टको खाना नखाने
च) चरा, मूसा, विरालो, कुकुर जस्ता जनावरबाट टाढा रहने ।

ग्रामथान गाउँपालिका मोरंग प्रदेश नं. १


# ६ सय ७१ प्रहरी जवान आधारभूत तालिम लिई दिक्षित




दिक्षान्त समारोहमा भाग लिएका प्रहरी जवानहरु । तस्वीर सौजन्य : १ नं. प्रदेश प्रहरी कार्यालय विराटनगर

बिराटनगर । १ नम्बर प्रदेश प्रहरी तालीम केन्द्र रानी बिराटनगरमा संचालित प्रहरी जवान १३८ औ समुहको आधारभुत तालिममा सहभागी ६७१ जना प्रहरी जवानहरु दिक्षित भएका छन् ।

उक्त समुहको २ सय ३४ कार्यदिनको आधारभूत तालिम पश्चात प्रशिक्षार्थीहरूलाई १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र रानीको प्राङगणमा १ नम्बर प्रदेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.को प्रमुख आतिथ्यतामा दिक्षान्त समारोह भएको थियो । सो तालिम २०७७ साल मंसिर ३ गते देखि संचालन भएको थियो ।

आधारभुत तालिममा सहभागी १३३ जना महिला सहित ६७१ जना प्रहरी जवानहरु दिक्षित भएका हुन । १ नम्बर प्रदेश प्रहरी तालीम केन्द्र रानी बिराटनगरमा ४८० जना, १ नम्बर प्रदेश शसस्त्र प्रहरी गण रानीमा ९६ जना र दंगा नियन्त्रण प्रहरी गण दुहवीमा ९५ जना प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिई १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्रको प्राङगणमा संयुक्त रुपमा दिक्षित गरिएको हो ।

दिक्षान्त समारोहमा तालिम केन्द्रका सह समादेशक प्रहरी नायव उपरीक्षक बिनोद शर्माले तालिम सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्नु भई तालिमको दौरानमा प्रशिक्षार्थी हरुलाई नेपाल र नेपाल प्रहरी संगठनको परिचय सुरक्षा, प्रहरी कार्य तथा अपराध नियन्त्रण, अपराध अनुसन्धान र बिद्यामान कानुन र प्रहरी युक्ती तथा कारबाही लगायतका बिषयमा प्रशिक्षण दिईएको जानकारी गराउनु भएको थियो । दिक्षान्त समारोहमा प्रशिक्षार्थीहरुलाई नेपालको संविधान बमोजिम तालिम केन्द्रकी समादेशक प्रहरी बरिष्ठ उपरीक्षक मीरा चौधरीले शब्दमा सफत ग्रहण गराउनु भएको थियो ।

प्रशिक्षार्थीहरुलाई तालिम अवधी भर लिईएको चरणगत परिक्षाको प्राप्ताङ्का आधारमा सर्वप्रथम हुन सफल प्रशिक्षार्थी प्रहरी जवान उतम कुमार मगर लगायत विभिन्न ८ बिधामा उत्कृष्ट भएका प्रशिक्षार्थीहरु लगायत तालिममा सहभागी प्रशिक्षकहरुलाई कार्यक्रम का प्रमुख अतिथी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले प्रमाणपत्र तथा नगद पुरस्कारद्धारा पुरस्कृत गर्नु भएको थियो ।

दिक्षान्त समारोहका प्रमुख बि.सी.ले कोभिड-१९ को उत्पन्न परिस्थितिमा सुरक्षाको कारण प्रशिक्षार्थीहरुका अभिभावक तथा अन्य ईष्टमित्रलाई समारोहमा आमन्त्रण गर्न नसकिएको प्रति दुःख लागेको बताउँदै, अत्यन्त चुनौती एवं जोखिमले भरिएको यस मर्यादित प्रहरी पेशामा आफ्ना सन्ततिलाई प्रवेशगर्न हौसला प्रदान गर्नु हुने दिक्षित प्रहरीका परिवारजनमा आभार प्रकट गरेका थिए । साथै वहाँले कार्यक्षेत्रमा मन बचन र कर्मले निष्ठापुर्वक, ईमान्दार र बफादारी भई उच्च मनोवलका साथ जनताको सेवामा खटिन दिक्षित प्रहरी जवानहरुलाई शुभकामना सहितको निर्देशन समेत दिएका थिए ।

दिक्षान्त समारोहमा तालिम केन्द्रकी समादेशक प्रहरी बरिष्ठ उपरीक्षक मीरा चौधरीले धन्यवाद ज्ञापन गर्नुहुदै समाज गतिशील छ र हाम्रा समस्याहरु पनि गतिशील नै हुन्छन् यसर्थ हाम्रो प्रयाश पनि गतिशील नै हुनुपर्छ । सिकाईको स्तरलाई परिस्कृत गर्दै लैजानु हुनेछ भन्ने बिश्वासका साथ प्रशिक्षण केन्द्रले प्रशिक्षणका दौरानमा भरमग्दुर प्रयत्न गऱ्यो अब कार्यक्षेत्रमा खरो उत्रिने पालो दीक्षित प्रशिक्षार्थीहरुकै रहको बताउदै समाज र संगठनले अपेक्षा गरे अनुरुप निष्ठापूर्वक कार्य गर्नु हुनेछ भन्ने दिक्षित प्रहरी जवानरहरुबाट बिश्वाश गरिएको साथै वहाँले दिक्षित भई जाने प्रहरी जवानहरुलाइ कार्यक्षेत्रको सफलताको शुभकामना समेत दिनु भएको थियो ।

नौ महिनाको आधारभूत तालिम अवधी समाप्त गरी दिक्षित भएका ६ सय ७१ जना प्रहरी जवानहरुलाई उनिहरुको आ-आफ्नो कार्य क्षेत्रमा खटाईने भएको छ ।

बिराटनगर, भदौ १५ गते । १ नम्बर प्रदेश प्रहरी तालीम केन्द्र रानी बिराटनगरमा संचालित प्रहरी जवान १३८ औ समुहको आधारभुत तालिममा सहभागी ६७१ जना प्रहरी जवानहरु दिक्षित भएका छन् ।

उक्त समुहको २ सय ३४ कार्यदिनको आधारभूत तालिम पश्चात प्रशिक्षार्थीहरूलाई १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्र रानीको प्राङगणमा १ नम्बर प्रदेश प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.को प्रमुख आतिथ्यतामा दिक्षान्त समारोह भएको थियो । सो तालिम २०७७ साल मंसिर ३ गते देखि संचालन भएको थियो ।

आधारभुत तालिममा सहभागी १३३ जना महिला सहित ६७१ जना प्रहरी जवानहरु दिक्षित भएका हुन । १ नम्बर प्रदेश प्रहरी तालीम केन्द्र रानी बिराटनगरमा ४८० जना, १ नम्बर प्रदेश शसस्त्र प्रहरी गण रानीमा ९६ जना र दंगा नियन्त्रण प्रहरी गण दुहवीमा ९५ जना प्रशिक्षार्थीहरुलाई प्रशिक्षण दिई १ नम्बर प्रदेश प्रहरी तालिम केन्द्रको प्राङगणमा संयुक्त रुपमा दिक्षित गरिएको हो ।

दिक्षान्त समारोहमा तालिम केन्द्रका सह समादेशक प्रहरी नायव उपरीक्षक बिनोद शर्माले तालिम सम्बन्धि प्रतिवेदन प्रस्तुत गर्नु भई तालिमको दौरानमा प्रशिक्षार्थीहरु लाई नेपाल र नेपाल प्रहरी संगठनको परिचय सुरक्षा, प्रहरी कार्य तथा अपराध नियन्त्रण, अपराध अनुसन्धान र बिद्यामान कानुन र प्रहरी युक्ती तथा कारबाही लगायतका बिषयमा प्रशिक्षण दिईएको जानकारी गराउनु भएको थियो । दिक्षान्त समारोहमा प्रशिक्षार्थीहरुलाई नेपालको संविधान बमोजिम तालिम केन्द्रकी समादेशक प्रहरी बरिष्ठ उपरीक्षक मीरा चौधरीले शब्दमा सफत ग्रहण गराउनु भएको थियो ।

प्रशिक्षार्थीहरुलाई तालिम अवधी भर लिईएको चरणगत परिक्षाको प्राप्ताङ्का आधारमा सर्वप्रथम हुन सफल प्रशिक्षार्थी प्रहरी जवान उतम कुमार मगर लगायत विभिन्न ८ बिधामा उत्कृष्ट भएका प्रशिक्षार्थीहरु लगायत तालिममा सहभागी प्रशिक्षकहरुलाई कार्यक्रमका प्रमुख अतिथी प्रदेश प्रहरी प्रमुख प्रहरी नायव महानिरीक्षक अरुण कुमार बि.सी.ले प्रमाणपत्र तथा नगद पुरस्कारद्धारा पुरस्कृत गर्नु भएको थियो ।

दिक्षान्त समारोहका प्रमुख बि.सी.ले कोभिड-१९ को उत्पन्न परिस्थितिमा सुरक्षाको कारण प्रशिक्षार्थीहरुका अभिभावक तथा अन्य ईष्टमित्रलाई समारोहमा आमन्त्रण गर्न नसकिएको प्रति दुःख लागेको बताउँदै, अत्यन्त चुनौती एवं जोखिमले भरिएको यस मर्यादित प्रहरी पेशामा आफ्ना सन्ततिलाई प्रवेशगर्न हौसला प्रदान गर्नु हुने दिक्षित प्रहरीका परिवारजनमा आभार प्रकट गरेका थिए । साथै वहाँले कार्यक्षेत्रमा मन बचन र कर्मले निष्ठापुर्वक, ईमान्दार र बफादारी भई उच्च मनोवलका साथ जनताको सेवामा खटिन दिक्षित प्रहरी जवानहरुलाई शुभकामना सहितको निर्देशन समेत दिएका थिए ।

दिक्षान्त समारोहमा तालिम केन्द्रकी समादेशक प्रहरी बरिष्ठ उपरीक्षक मीरा चौधरीले धन्यवाद ज्ञापन गर्नुहुदै समाज गतिशील छ र हाम्रा समस्याहरु पनि गतिशील नै हुन्छन् यसर्थ हाम्रो प्रयाश पनि गतिशील नै हुनुपर्छ । सिकाईको स्तरलाई परिस्कृत गर्दै लैजानु हुनेछ भन्ने बिश्वासका साथ प्रशिक्षण केन्द्रले प्रशिक्षणका दौरानमा भरमग्दुर प्रयत्न गऱ्यो अब कार्यक्षेत्रमा खरो उत्रिने पालो दीक्षित प्रशिक्षार्थीहरुकै रहको बताउदै समाज र संगठनले अपेक्षा गरे अनुरुप निष्ठापूर्वक कार्य गर्नु हुनेछ भन्ने दिक्षित प्रहरी जवानरहरुबाट बिश्वाश गरिएको साथै वहाँले दिक्षित भई जाने प्रहरी जवानहरुलाइ कार्यक्षेत्रको सफलताको शुभकामना समेत दिनु भएको थियो ।

नौ महिनाको आधारभूत तालिम अवधी समाप्त गरी दिक्षित भएका ६ सय ७१ जना प्रहरी जवानहरुलाई उनिहरुको आ-आफ्नो कार्य क्षेत्रमा खटाईने भएको छ ।


### कर तिरौं, राजश्व बढाऔं

कर तिर्नु कानूनी अधिकार मात्र नभएर सम्मान पाउने अवसर पनि हो । त्यसैले कर तिरौं देशको राजश्व बढाऔं ।
स्थायी लेखा नम्बर लिनुहोस ढुक्क भएर व्यवसाय सञ्चालन गर्नुहोस् ।
लेखा राखौं हिसाबमा भर, हचुवामै नतिरौं कर
कर्तव्य ठानेर कर तिरौं नव नेपाल निर्माणमा सहभागी बनौं ।
सामान किनौं गतिलो छानेर बिल मागौं अधिकार ठानेर ।

अन्तरिक राजश्व कार्यालय विराटनगर

# मानव लिंगंके कुछ रोचक तथ्य

१. आप अपने लिंग को तोड़ सकते हैं

यदि खड़ा होने पर लिंग को मोड़ दिया जाता है, तो यह टूट सकता है। लिंग में कोई हयियां नहीं होती हैं, लेकिन भचभअतष्यल के दौरान रक्त से भरने वाली नलिकाएं फट सकती हैं। लिंग के अंदर से खून निकलता है और बहुत दर्दनाक सूजन का कारण बनता है।

२. पुरुषों में कई रात के समय के इरेक्शन होते हैं

पूरी रात की नींद के दौरान औसतन एक स्वस्थ व्यक्ति ३ से ५ इरेक्शन होते हैं, जिसमें प्रत्येक इरेक्शन २५ से ३५ मिनट तक रहता है।

३. छोटे लिंग बड़े इरेक्शन करते हैं

जब वे स्तंभित हो जाते हैं तो शोर्ट पेन लंबे समय से अधिक बढ़ जाते हैं। २ हजार ७ सय ७० पुरुषों के लिंग माप के आधार पर किए गए शोध में पाया गया कि छोटी पेनिस ८६ प्रतिशत तक बढ़ जाती है, जब इरेक्ट (लगभग ४७ प्रतिशत होती है।

४. हर महिला हाइमन के साथ पैदा नहीं होती है।

यह पतली झिल्ली आंशिक रूप से योनि के प्रवेश द्वार को कवर करने की गारंटी नहीं है। एक हाइमन नहीं होने का मतलब यह नहीं है कि आपने पहले कभी सेक्स नहीं किया है।

५. बच्चे के जन्म के दौरान योनि में आंसू आते हैं

यह सामान्य है। यह बच्चे के जन्म का एक सामान्य हिस्सा है और आपके शरीर के लिए डिज़ाइन किया गया है। ७९ प्रतिशत योनि प्रसवों में चीर(फाड़ या चीरा लगाना पड़ता है। ये "चोटें" मामूली आँसू होती है।

६.योनि स्वयं सफाई होती है

जीवाणुरोधी बैक्टीरिया को दूर करने के लिए आपके योनि पीएच को एक इष्टतम स्तर पर रखने के एकमात्र उद्देश्य के लिए विशेष बैक्टीरिया की पूर्वोक्त सेना मौजूद है।

# पति की आवश्यकता क्यों होती है ?

अभी अभी आपके एक ऐसे ही प्रश्न पत्नी की आवश्यकता क्यों होती है ?

पति की आवश्यकता आपको मेरा मतलब पुरुषों को नहीं महिलाओं को होती है, उन्हें पति क्यों चाहिए इसके कई कारण हैं।

सबसे पहले तो औरतों को गुस्सा उतारने के लिए एक निरीह जीव की आवश्यकता होती है जिसे सिर्फ पति पर ही उतारा जा सकता है।

यदि पति नहीं होंगे तो घर में धनिया प्याज लहसुन कौन लाएगा ?

खुद से कोई काम बिगाड़ कर दोष किसको देंगी ?

लडने के लिए भी कम से कम एक साथी की जरूरत औरतों को पड़ती ही है।

पति नहीं रहेंगे तो उनकी बक बक कौन सुनेगा ?

किसके सामने अपने मायके वालों की तारीफ करेंगी ?

पड़ोसन की बुराई करने के लिए भी पति की ही आवश्यकता होती है।

पैसे किसकी जेब से चुराया जा सकता है ?

मायके पहुंचाने और लाने के लिए एक ड्राईवर भी चाहिए।

कुटाई होने के बाद बच्चे किसके पास जाकर कहेंगे कि पापा ये आतंक का पुतला कहां से लाए ?

और भी बहुत से कारण है, लिखते लिखते रामचरित मानस जैसा कोई ग्रंथ बन सकता है।



*यो धुम्रपानको आदत सजिलो तरीकाले कहाँ छुट छ,*
*पहिले सिग्रेट हामी फुक्छौ, फेरी सिग्रेट हामीलाई फुकि हाल्छ।*

# नेकपा ऐमालेको बृहत भेलामा केपी ओलीको सम्बोधन



झापा। नेकपा एमाले झापाले भदौ २७ गते विर्तामोडमा बृहत कार्यकर्ता भेला गर्ने भएको छ सो भेलालाई पूर्व प्रधानमन्त्री तथा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले सम्बोधन गर्ने भएकवो छ।

नेकपा एमाले झापा जिल्ला सचिवालयको बैठकले विभिन्न निर्णय गर्दै जिल्ला स्तरीय बृहत कार्यकर्ता भेलामा अध्यक्ष ओलीको प्रमुख आतिथ्यता रहने एमाले झापाका अध्यक्ष चिन्तन पाठकले पत्रकार सम्मेलनमा जानकारी गराएका थिए।

एमाले झापाको आन्तरिक एकताका रुपमा सम्पन्न बैठकले जिल्ला कमिटिको बैठक भदौ २१ गते गर्ने निर्णय समेत गरेको छ। पार्टी केन्द्रीय कमिटिको अन्तरपार्टी निर्देशन अनुसार २०७५ जेठ २ को साविक कमिटिको आधारमा सबै तह र जनवर्गीय संगठनहरुको कमिटिहरु चलायमान गराउने निर्णय पनि बैठकले गरेको छ।

पार्टीको मातहत कमिटि र जनवर्गीय संगठनहरुको अधिवेशन पार्टीले तोकेकै मितिमा सम्पन्न गर्ने निर्णय पनि गरेको एमाले जिल्ला अध्यक्ष पाठकले जानकारी गराएको थिए।

पाठकको अध्यक्षतामा बसेको बैठकले १० बुँदेको कार्यान्वयन गर्ने, पार्टी सदस्यता नविकरण गर्ने, निर्वाचन आयोगमा गई मतदाता नामावलीमा छुट भएकाको नाम समावेश गराउन पार्टी मातहतका निकायहरुलाई निर्देशन दिएको जिल्ला सचिवालय सदस्य तथा कार्यालय सचिव शिव ढुंगेलले बताए।

बैठकमा जिल्ला ईन्चार्ज रविन कोइराला, पार्टी केन्द्रीय सदस्य तथा स्थानीय विभाग प्रमुख देवेन्द्र दाहाल, केन्द्रीय सदस्यहरु हिक्मतबहादुर कार्की, हरिबहादुर राजवंशी लगायतका नेताहरुले पार्टीलाई एकतावद्ध ढंगबाट अघि बढाउन आ-आफ्नो ढंगबाट प्रयत्न गर्न निर्देशन समेत दिएको छ।

# राजनीतिक...

नीति

नेतृत्वको भिजनलाई मूर्तरूप दिन देश-काल-परिस्थिति अनुकूलको नीति आवश्यक हुन्छ। राजनीतिक संक्रमणकालका बीच पनि राष्ट्रिय मुद्दामा साझा नीतिको अपरिहार्यतालाई बुझ्न जरूरी छ। सरकार वा मन्त्री परिवर्तनसँगै नीतिमा देखिने अनावश्यक र अस्वाभाविक परिवर्तनको अन्त्य आजै हुनुपर्दछ।

नेपालको सुरक्षा नीति के हुने, परराष्ट्र सम्बन्ध के कस्तो हुने, भारत, चीन तथा अन्य मुलुकसँगको सम्बन्ध र सीमा के हुने, अर्थतन्त्रको विकास र विस्तारका लागि न्यूनतम साझा नीति तथा कार्यक्रम के हुने भन्ने विषयमा स्पष्ट नभई विकासमा फड्को मार्न सकिने अवस्था देखिँदैन।

राज्यका लागि हामी र हाम्रा लागि राज्य भन्ने भावनाको विकास नभई आन्तरिक स्रोत परिचालन सम्भव हुँदैन। बाह्य लगानी तथा सहयोग आकर्षित गर्नको लागि अन्तर्राष्ट्रिय समुदायको विश्वास जित्न सक्ने नेतृत्व, नीति र कार्यक्रम हुनुपर्दछ।

एउटै दलको सरकार बन्ने सम्भावनाको न्यूनताबीच भारतमा जस्तो गठबन्धनको स्थिरता हाम्रो लागि अनुकरणीय हुन सक्दछ। दूरदर्शी नेता र नीतिको विकास राजनीतिक दलहरूले गर्न सक्नुपर्दछ। यसका लागि दलको आन्तरिक लोकतन्त्र सबल हुनु जरूरी छ।

टीम वर्क

सोच तथा नीतिलाई कार्यान्वयनको वातावरण तयार गर्न विज्ञ सहितको कार्य समूह निर्माण गर्नुपर्दछ। राष्ट्रियस्तरमा नीति तथा मापदण्डहरूको निर्माण एवं सिफारिश गर्ने यो समूहले समस्याको तत्काल समाधानका लागि अहोरात्र खटिएर काम गर्दछ। अर्थतन्त्रका हरेक क्षेत्रका लागि क्षेत्रगत नीति, मापदण्डहरूको निर्माण गर्ने, अन्तर्राष्ट्रिय अनुभवलाई हाम्रो माटो सुहाउँदो बनाई लागू गर्नुपर्ने देखिन्छ।

इमानदार कर्मचारीतन्त्र

सरकारको नीति तथा कार्यक्रमको मूल मर्म र भावना अनुसार कार्यान्वयन गर्न इमानदार/नैतिकवान कर्मचारीतन्त्र चाहिन्छ। राजनीतिक वाद वा प्रतिवादबाट प्रभावित भएर होइन केन्द्रमा नागरिकलाई राखेर जिम्मेवारी वहन गर्ने व्यावसायिक कर्मचारीतन्त्र निर्माणको लागि राज्यले थप लगानी गर्नुपर्ने हुन्छ।

प्रक्रियामा रमाउने होइन नतिजामा उत्साहित हुने कर्मचारीतन्त्र हाम्रो माग र आवश्यकता दुवै हो। काम नगर्ने कर्मचारीतन्त्र विकासका लागि जति बाधक हुन्छ त्यति नै नाइँ भन्न नसक्ने (एस म्यान) कर्मचारीतन्त्र घातक हुन्छ। यसतर्फ संवेदनशील हुनुपर्दछ।

नागरिक समाज

नागरिकका हकअधिकारप्रति संवेदनशील नागरिक समाज अहिलेको आवश्यकता हो। नागरिक समाजका क्रियाकलापमा राजनीतिक गन्ध आउनु राम्रो मानिँदैन। विकास, विकास अनि फेरि विकासका लागि सरकारलाई निरन्तर खबरदारी गर्ने यस दिशामा नागरिकलाई डोऱ्याउन सक्ने नागरिक समाज अपरिहार्य हुन्छ। चेतनशील, अधिकार र कर्तव्यप्रति संवेदनशील नागरिक त आवश्यक हुने नै भयो।

स्रोतसाधन

विकासका लागि स्रोतसाधन नभई हुँदैन। हाम्रो सन्दर्भमा स्रोतसाधनको जोहो गर्नु कम चुनौतीपूर्ण देखिँदैन। आन्तरिक स्रोत परिचालन र बाह्य सहायता एवं लगानी आकर्षित सँगसँगै गर्न सकियो भने मात्र स्रोतको अभाव हुँदैन। साथै स्रोतको दिगोपना पनि हुन्छ नै।

आन्तरिक स्रोत परिचालनका लागि नेतृत्वले करदातालाई विश्वासमा लिन सक्नुपर्दछ। राज्यका लागि हामी र हाम्रा लागि राज्य भन्ने भावनाको विकास नभई आन्तरिक स्रोत परिचालन सम्भव हुँदैन। बाह्य लगानी तथा सहयोग आकर्षित गर्नको लागि अन्तर्राष्ट्रिय समुदायको विश्वास जित्न सक्ने नेतृत्व, नीति र कार्यक्रम हुनुपर्दछ।

विकासको एकमात्र उद्देश्य जनताको जीवनस्तरमा गुणात्मक सुधार नै हो। यसका लागि हामी दशकौंदेखि प्रयासरत छौं। एकपछि अर्को राजनीतिक आन्दोलन र सोको सफलता भनिए पनि विकासका एजेण्डाले मूर्तरूप लिन नसक्दा एकपछि अर्को आन्दोलन/क्रान्तिको आवश्यकता महसूस हुँदै गएको हो।

संसारमै उत्कृष्ट मानिएको शासन प्रणाली र राज्य संरचना आत्मसात् गर्दा पनि जीवनस्तर जहाँको त्यहीं हुनु बिडम्वना हो। तसर्थ अबको हाम्रो एकमात्र कार्यभार भनेको विकासका लागि राष्ट्रिय सहमति र साझा धारणाको विकास गर्नु र सोको इमानदारीपूर्वक कार्यान्वयन नै हो।

अनलाईन खबरबाट


